# ऋषिङ्ग गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

कोददरबार, तन्हुँ
गण्डकी प्रदेश, नेपाल

## ऋषिङ्ग गाउँपालिकाको क्षेत्राधिकार भित्रको नदिजन्य पदार्थ (ढुंडा, गिटि, बालुवा आदी) उत्खनन् तथा विकी सम्बन्धी गोप्य शिलवन्दी दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७७/०९/०२)**

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान (दफा ११ र ६४) एवं ऋषिङ्ग गाउँपालिका, गाउँ कार्यपालिकाको निर्णय वमोजिम आ.व.२०७७/०७८ को लागी यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमबाट बढाबढ हूने गरी देहायका घाट वा नदी किनारावाट ढुङ्गा गिटि वालुवा आदि उत्खनन तथा विक्रि गर्ने कार्य ठेक्कामा लगाउनुपर्ने भएकाले यो सिलवन्दि दरभाउपत्र आव्हानको सुचना प्रकाशित गरिएको छ ।

१. दरभाउपत्र फाराम खरिद गर्न इच्छुक इजाजत प्राप्त फर्म/कम्पनीहरुले लिखित निवेदन सहित फर्म वा कम्पनीको व्यवसाय दर्ता प्रमाण पत्र र स्थायी लेखा नम्वर/मु.अ.कर दर्ता प्रमाण पत्र तथा आर्थिक वर्ष २०७७/०७८ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गरि तोकिएको दस्तुर कार्यालयमा वुझाई यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिनको कार्यालय समय भित्र यस कार्यालयवाट खरिद गर्न सकिनेछ ।

२. दरभाउपत्र फाराम दरभाउपत्र दाता स्वयं वा रितपुर्वकको लिखित वारेस पठाएर समेत खरिद गर्न सकिने छ ।

३. दरभाउपत्र पेश गर्दा आफुले कवुल गरेको कुल रकमको ५ (पाँच प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको कुमारी वैंक लिमिटेड ऋषिङ्ग तनहूं स्थित धरौटी खाता च.हि.नं. ग. ३/ ०८३००३४५५४१००००४ मा रकम जम्मा गरेको सक्कल बैंक भौचर वा सोही रकम वरावरको मान्यता प्राप्त वाणिज्य वैंक वाट जारी भएको दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिवाट कम्तिमा ७५ दिन मान्य अवधि भएको विडवण्ड पेश गर्नु पर्ने छ ।

४. सिलवन्दि गरिएको दरभाउपत्र १६ औं दिन अर्थात मिति २०७७/०९/१७ गते दिनको १२.०० बजे भित्र यस कार्यालयमा दर्ता गर्नू पर्ने छ । नियमानूसार दर्ता हून आएका दरभाउपत्र फारामहरु सोही दिनको २.०० बजे यस कार्यालयमा दरभाउपत्र दाताहरु वा निजहरुको प्रतिनिधहरु समेतको रोहवरमा खोलिनेछ । दरभाउपत्रदाताहरु उपस्थिति नभएमा पनि दरभाउपत्र खोल्न कूनै वाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने एवं खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो पछि लगतै कार्यालय खुलेको दिन सोही समयमा उल्लेखित कार्यहरु हुनेछन् ।

५. आफुले कवोल गरेको रकम अंक र अक्षरमा प्रस्ट रुपमा फरक नपर्ने गरि लेख्नु पर्ने छ । फरक पर्न गएमा अक्षरमा लेखिएको रकम लाई मान्यता दिईनेछ ।

६. यस पुर्व यस कार्यालयबाट कुनै पनि कार्यको ठेक्का लिई रकम फरफारक नभएको फर्म/कम्पनी बाट पेश भएको दरभाउपत्रलाई मान्यता दिईने छैन, तर दरभाउपत्र पेश गर्नु भन्दा पहिले फरफारक गरेमा दरभाउपत्र पेश गर्न कुनै वाधा पर्नेछैन ।

चिन बहादुर रानाभाट
अधिकृत स्तर छैटौं

७. ठेक्का सम्झौता गर्दा कवोल अंकको मु.अ.कर (VAT) १३ प्रतिशत र अग्रिम आयकर वापतको १.५ प्रतिशत रकम थप गरी कुल सम्झौता रकम कायम गरिनेछ ।

८. कुनै शर्त राखी पेश गरेको, रित नपुगेको दरभाउपत्र माथी कुनै कारवाही गरिने छैन ।

९. पेश भएका वोलपत्र स्वीकृत गर्ने ,रद्ध गर्ने र आंशिक रुपमा स्वीकृत गर्ने नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१०. सिलवन्दि दरभाउपत्रको खाम बाहिर कार्यालयलाई सम्वोधन गरि सुचनामा उल्लेख भएको ठेक्का नम्वर तथा कामको विवरण प्रष्ट रुपमा लेख्नु पर्नेछ ।

११. विस्तृत जानकारीका लागि कार्यालय समय भित्र यस कार्यालयको फोन नं.०६५-६२००९६ मा सम्पर्क गर्न सकिनेछ ।

## तपशिल

| ठेक्का नं. | विवरण | उत्खन्न परिमाण ( घ .मी ) | न्यूनतम अंक (कर बाहेक) | बोलपत्र फारम दस्तुर | घरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| १४-आय ०७७/०७८ | ऋषिङ्ग गाँउपालिका – ३, सेतीगण्डकी सुँडेवगर घाट खण्ड र वृन्दी घाट खण्ड नदिजन्य पदार्थ उत्खन्न तथा विक्री कार्य | १३०० | ४,००,०००।- | १०००।- (एक हजार मात्र ) | कबोल अंङ्गको ५ प्रतिशत | |
| १५-आय ०७७/०७८ | ऋषिङ्ग गाँउपालिका – ३, सेतीगण्डकी डुलुम घाट र सोलुङ्ग घाट खण्ड नदिजन्य पदार्थ उत्खन्न तथा विक्री कार्य | २४७५ | ७,००,०००।- | १०००।- (एक हजार मात्र ) | कबोल अंङ्गको ५ प्रतिशत | |
| १६-आय ०७७/०७८ | ऋषिङ्ग गाँउपालिका – ३, सेतीगण्डकी गोरावगर घाट खण्ड नदिजन्य पदार्थ उत्खन्न तथा विक्री कार्य | १३८० | ३,५०,०००।- | १०००।- (एक हजार मात्र ) | कबोल अंङ्गको ५ प्रतिशत | |
| १७-आय ०७७/०७८ | ऋषिङ्ग गाँउपालिका-७, सेतीगण्डकी टुनिबोटे घाट खण्ड नदिजन्य पदार्थ उत्खन्न तथा विक्री कार्य | ११७० | ३,००,०००।- | १०००।- (एक हजार मात्र ) | कबोल अंङ्गको ५ प्रतिशत | |

(प्रमुख प्रशासकिय अधिकृत)

चिन बहादुर रानाभाट
अधिकृत स्तर छैटौं